## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

## इटहरी

### सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**सूचना नं.:- १ (लिलाम) २०८३।८४**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/३१**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीमा प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्ने तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताले मिति २०८३।०६।०६ गते दिनको १२:०० बजे भित्र फिर्ता नहुने गरी रु १०००।- (एक हजार रुपैयाँ) रकम राष्ट्रिय बाणिज्य बैंकमा यस अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको राजस्व खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. २०६००१४०१ राजस्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित, बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन (मिति २०८३।०६।०७) को दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरू ८ औं दिनको (मिति २०८३।०६।०७) दिउसो २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखा (फोन नं. ९७६३५००५९४) मा सम्पर्क राखु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सुनसरीको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय इनरुवामा रहेको धरौटी खाता नं. २२२०१००१०२०३००००, कार्यालय कोड नं. २०६००१४०१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर शिलबन्दी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

७. शिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

९. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु **२,०७,२४०।(मु.अ. कर वाहेक** अक्षरेपी रु. दुई लाख सात हजार दुई सय चालिस मात्र) रहेको छ।

१०. यो सूचना अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना पाटी Website www.ciaa.gov.np मा समेत हेर्न सकिनेछ।